# के विनाश निम्त्याउँछ ?          Pastor S. James

<u>August 18th, 2022</u>

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद तपाइ को अनुग्रह को कारण हामी यहाँ सम्म आइपुगेका छौ फेरी पनि हजुरलाइ धेरै धेरै धन्यबाद । यो समय हजुर को चरणमा राख्छौ ,ताकी हजुरको बचन बाट हजुरको जीवन , हजुर को धार्मीकता ,हजुरको राज्य , हजुरको आउने शाषण को बारेमा  हामीलाइ सिकाउनुहोस् प्रभु । किनभने यो अहिले को हाम्रो जीवन क्षणिक हो । बिश्वासमा अनन्तकाल को जीवन देख्न को लागी हामीलाइ हजुरको बचन को ज्ञान चाहिन्छ । हामीलाइ हजुरको बचनमा लेखेको छ कि तिमीहरु मेरो बचन र ज्ञानमा अगाडि बढ ।  हजुर को ज्ञान र बचनमा अगाडि बढेर त्यसअनुसार काम गर्न हामीलाइ अनुग्रह र कृपा गर्नुहोस् प्रभु ।  यो सबै प्रार्थना येशुको नाममा आमेन ।*

हामी जुन सुकै उमेरका किन नहोउ हामी सबै जना मृत्यु को पास पास जादैछौ । मृत्युको पास पास जानु को मतलब हो ,न्याय को पास पास जानु हो ।  यो जीवनमा २ वटा कुरा निस्चीत छ । मृत्यु निस्चीत छ होइन भने हाम्रो मृत्यु भन्दा पहिला येशु यस संसारमा आउनुहुनेछ । त्यस पछि न्याय शुरु हुन्छ । हामीले यो जीवन को लागी होइन , त्यो दिन को न्याय को लागी तयारी गर्नु पर्छ । त्यो तयारी गर्न को लागी बचनको शिक्षा र पबित्र आत्माको अभिशेक द्वारा मात्र हामीले सिकेर त्यस अनुसार तयारी गर्न सक्छौ । त्यसकारणले बिश्वास नदेखेको कुरामा आखाँ राख्नु हो । यदि यो जीवनको लागी मात्र येशु माथि हाम्रो आशा राखेको छ भने हामी सबै मान्छेहरु भन्दा दयनीय हुन्छौ । हाम्रो येशु मशिहमा महिमा को आशा यो जीवन को लागी नभएर अनन्त जीवनको आशा हो । त्यो पाउन को लागी हाम्रो जीवनको बाधाहरु के के हुन् हामीले थाहाँ गर्नु पर्छ । परमेश्वरले पनि हामी संग केहि कुराहरु खोज्नु हुन्छ । जब येशु मशिह आउनुहुनेछ उहाँले हाम्रो प्राण ,आत्मा , शरीर निंदोष बलि को रुपमा अर्पण गरेको चाहनुहुन्छ ।

मत्ति ११:२९ ***29** मेरो कामकुरो ग्रहण गर अनि मबाट सिक, म विनयी र विनम्र-हृदयको छु। अनि तिमीहरूले आफ्नो आत्मामा विश्राम पाउनेछौ।*

येशु मशिह बाट हामीले सिक्नु पर्छ । पहिलो सिक्नु पर्ने कुरा येशु विनम्र हुनुहुन्छ । हामी पनि नम्र हुनुपर्छ । येशु मशिह परमेश्वर हुनुहुन्थ्यो उहाँ परमेश्वर को पुत्र हुनुभयो । लुसीफर श्वर्गदुत थियो घमण्डले गिर्यो । परमेश्वर येशु मशिह भएर जन्मे पछि झन् नम्र हुनुभयो त्यसकारण उहाँ गिंनु भन्दा झन् माथि उचालिनुभयो । त्यसकारण येशु बाट हामीले झन् नम्र हुन सिक्नुपर्छ । जो घमण्डि छ त्यसलाइ परमेश्वरले बिरोध गर्नुहुन्छ । संसारमा भएको घमण्डिहरु को लागी समस्या छैन किनभने उनीहरुलाइ न्याय को दिनमा मात्र थाहाँ हुन्छ । परमेश्वरको राज्यमा भएका मान्छेहरुको लागी घमण्ड समस्या हो । किनभने सैतान उनीहरुको बिरोधमा हो  उनीहरु परमेश्वर को राज्यमा छन् परमेश्वर पनि बिरोधी हो कारण उनीहरुमा घमण्ड छ परमेश्वर घमण्डिलाइ मन पराउनुहुन्न । अनुग्रह नम्रहरुलाइ मात्र गर्नुहुन्छ । पाप को राज्य माथि बिजय हुन को लागी एउटै मात्र उपाए छ त्यो हो बिश्वास को जीवन । बिश्वास द्वारा अनुग्रह पाउछ । इण्डियाको रुपैया छ । बङगला देश को टाँका छ , अमेरीकाको डलर छ कुन चाहि रोज भन्दा हामी त डलर नै रोज्छौ । पैसाले हामी सबै थोक किन्न सक्छौ । त्यसकारणले पैसामा शक्ति छ । बिश्वास द्वारा अनुग्रह प्राप्त गर्न सक्छौ । अनुग्रह हामीले पबित्र आत्माको शक्ति सामर्थ द्वारा पाउछौ । यदि हामीले त्यो पबित्र आत्मा को सामर्थ पाएनौ भने त्यो बिश्वास असल होइन । पापको माथि जित्न को लागी र संसारको माथि जित्न को लागी अनुग्रह चाहिन्छ । त्यो अनुग्रह पाउनको लागी हामी पनि येशु को जस्तै नम्र हुनुपर्छ । हामीले प्राण शरीर मात्र होइन आत्मा पनि खोज्नु पर्छ ।किनभने हाम्रो परमेश्वर आत्मा हुनुहुन्छ । घमण्ड भनेको एउटा आत्मिक रोग हो । त्यसकारणले श्वर्गमा हामी पुग्दा खेरी हामीलाइ थाहाँ हुन्छ कोहि घमण्डि त्यहाँ हुदैन । लुसीफर संग एउटा शरीर छैन उ एउटा आत्मा हो । सबै भन्दा पहिला लुसीफर को आत्मामा घमण्ड आयो । र त्यहि घमण्डको कारणले गर्दा परमेश्वरले उसलाइ श्वर्गदेखी निकाल्नुभयो । लुसीफर को अर्थ हुन्छ ज्योति बोक्ने श्वर्गदुत तर उ सैतान भयो कारण उ संग घमण्ड आयो । परमेश्वरको ज्योति पाएको हामी पनि घमण्ड भयौ भने लुसिफर जस्तै सैतान बन्न पुग्छौ । कति जना मान्छे उद्धार पाएर पनि घमण्डको कारण सैतानको काम नै गर्छन् । लुसीफर ज्योतिको बाहान थियो । त्यो आत्मा अन्धकार को शक्ति भयो । झुट र हत्याराको पिता भयो । उसलाइ ज्ञानमा , सौन्दर्यमा सिद्धतामा सिंजिएको थियो । उसको जीवनमा धेरै दौलत आएको कारण अपराध गर्न सुरु गर्यो । घमण्ड भएको मान्छे धेरै अपराध गर्छ ।  पाप भनेको आफ्नै इच्छामा काम गर्नु हो । एउटा बच्चा जन्मदा नै पापमा जन्मिन्छ । उसलाइ पाप गर्न को लागी सिकाउनु पर्दैन । उ जन्मदा साथ आफ्नो बारेमा मात्र सोच्छ । अलि ठुलो भए पछि आफ्नो खिलौना अरु संग बाढ्न चाहदैन । येशु मशिह त जन्मदा पापमा जन्मनु भएन उहाँमा पाप थिएन । त्यसकारणले उहाँ आफ्नो लागी जीउनु भएन उहाँले पुरा उहाँको जीवन पिताको इच्छा पुरा गरेर जीउनु भयो । नम्रहरु परमेश्वरको इच्छामा जीउछन् आफ्नो इच्छाको लागी जीउदैनन

युहन्ना १०:१० *[10]एक चोर चोर्न, मार्न र ध्वंस गर्न मात्र आउँदछ। तर म जीवन-दान गर्न आएँ-त्यस्तो जीवन जुन पूर्ण र असल छ।*

चोर त चोरु, र नष्ट पारु भनेर मात्र आउछ । तर प्रभु येशु त हामीले जीवन पाओस् र त्यो पनि प्रसस्त मात्रामा जीवन पाओस् भन्ने हेतुले आउनुभयो । यो प्रसस्त जीवन पाउनको लागी हामी नम्र हुनु पर्छ । नष्ट पार्न को लागी घमण्ड भयो भने भइहाल्छ । परमेश्वर को जन को नष्ट कसरी हुन्छ ?

होशे ४:६ [6]"मेरा मानिसहरू ज्ञानको कमीले नष्ट भए, तर तिमीहरूले सिक्ने इच्छा पनि राखेनौ। यसर्थ म तिमीहरूलाई मेरा पूजाहारी बन्न दिँदिन। तिमीहरूले तिमीहरूका परमेश्वरको व्यवस्था नै भूल्यौ। यसर्थ म तिम्रा कुलहरूलाई भूलिदिनेछु।

परमेश्वरको प्रजा परमेश्वरको ज्ञानको अभाब को कारण अन्तमा नष्ट हुन्छ । सबै हाम्रो कामहरु परमेश्वरको न्याय को अग्नि द्वारा जादा सबै नष्ट हुन्छन् । उद्धारले मात्र प्रबेश गर्छ । सैतानले हामीलाइ परमेश्वरको ज्ञान को अभाबको कारण हामीलाइ नष्ट पार्छ ।

हितोपदेश १६:१८ [18]सर्वनाश भन्दा अघि अहंकार आँउछ, अनि घमण्ड अपमानको अघि आउँछ।

बिनास को अघि घमण्ड आउछ । हामीमा घमण्ड छ भने पक्का हाम्रो जीवनमा बिनास आउछ । पतन को अघि हठि मन पनि आउछ । पहिलो परमेश्वरको ज्ञानको अभाबले बिनास ल्याउछ । दोस्रो घमण्डको कारणले बिनास ल्याउछ । बाइबल कक्षामा जादा हामीलाइ सुन्न इच्छा नै हुदैन कारण सैतानले चाल खेल्छ र हामीलाइ परमेश्वरको बचन सुन्नै दिदैन । मलाइ छिटो रिस उठ्छ । म संग धैर्यता शहनसिलता केहि पनि छैन । यो सबै कुरा हाम्रो जीवनको घमण्ड को कारणले आउछ । हामी सबै नम्र हुनु पर्छ यदि हामी सबै नम्र भएनौ भने न्याय को दिनमा सबैलाइ नम्र बनाउनुहुन्छ परमेश्वरले । हरेक घुडा टेक्नेछ हरेक जिब्रोले येशु प्रभु हो भनी स्वीकार गर्नेछ । त्यसको एउटा चिन्ह परमेश्वरले देखाउनुभयो २ जना घमण्डिहरुलाइ  क्रुशमा येशुको दायाँ र बायाँ टागेको थियो । यी २ मरेका थिएनन् मर्नु भन्दा अगाडि रोमी सिपाइ आएर खुट्टा भाचिदिए । यसै गरी हर घमण्डिहरुको एक दिन खुट्टा भाचिनेछ । र परमेश्वरको अगाडि हरेकले घुडा टेक्नेछ । परमेश्वर को न्याय को दिन भनेको घमण्डिहरुको अपमान को दिन हो । नम्रहरु को लागी आनन्द को दिन हो ।

यशैया २:१० [10]जाऊ मैलो-हिलोमा लुक, गुफा-कन्दरा तिर लुक! तिमीहरू परमप्रभुबाट डराउनु पर्नेछ र उहाँको महामहिम-शक्तिबाट लुक्नु पर्नेछ!

यो सबै कुराहरु प्रकास को पुस्तकमा पनि छ । मान्छेहरु त्यो न्याय को दिनमा परमेश्वर को आखाँ देखी लुक्न सक्दैनन् ।

[11]घमण्डी मानिसहरू घमण्ड गर्न छोड। ती घमण्डी मानिसहरू लाजले आफै आफ्नो नजरबाट खस्नेछन्। त्यसबेला, परमप्रभु मात्र उच्च हुनुहुनेछ।
[12]परमप्रभुसंग एक त्यस्तो दिनको योजना छ। त्यस खास दिनमा परमप्रभुले ती घमण्डी र सेखी गर्ने मानिसहरूलाई दण्ड दिनुहुनेछ। तब ती घमण्डी मानिसहरूको महत्व रहने छैन्।

परमेश्वरको न्याय को दिनमा हरेक घमण्डिहरुलाइ परमेश्वरले तल झार्नुहुनेछ । येशु त जीवन भरी नम्रतामा नै चल्नुभयो । क्रुसमा जानु भन्दा पहिला पनि घुडा टेकेर प्रार्थना गर्नुभयो । उहाँ जस्तै नम्रतामा जीउने मान्छेलाइ त न्याय को दिनको केहि डर नै हुदैन । त्यसकारणले येशुले भन्नुभयो म देखी सिक कि म नम्र छु र  तिमीहरु पनि नम्र होओ ।

यशैया १३:[8]प्रत्येक मानिस डराउने छन्। नानी जन्माउन ओटकी आइमाईको पेटको पीडा सरह डरले तिनीहरूका पेटमा पीडा हुनेछ। तिनीहरूका अनुहार आगो जस्तो रातो हुने छ। मानिसहरू छक्क पर्नेछन् किनभने त्यस्तो डरले भरिएको हेराई तिनीहरूका छिमेकिहरूका अनुहारहरूमा समेत हुनेछ।
[9]हेर, परमप्रभुको विशेष दिन आइरहेछ! यो दिन भयानक हुनेछ। परमेश्वर रिसाउनु हुनेछ अनि उहाँले देश ध्वंश पारि दिनुहुनेछ। प्रत्येक पापीलाई त्यस देश छोड्नु वाध्यतामा पार्नुहुनेछ।
[10]आकाश अन्धकार हुने छ। घाम, जून र तारा-मण्डलहरू चम्कने छैनन्।
[11]परमेश्वर भन्नुहुन्छ, "म यस संसारमा नराम्रा कुरा हुने कारण सृष्टि गर्नेछु। म दुष्ट मानिसहरूलाई तिनीहरूको पापको लागि दण्ड दिन्छु। म घमण्डीको शेखी झारिदिनेछु। म तिनीहरूप्रति कुनै दया-माया राख्ने छैन।
[19]"सदोम र गमोरा जस्तै नै बाबेल पनि ध्वंश पारिनेछ। परमेश्वरले यस्तो ध्वंशात्मक घट्ना घटाउनु हुनेछ जहाँ केही रहने छैन। सबै राज्यहरूमा बाबेल सर्वश्रेष्ठ छ। बासिन्दाहरू आफ्नो राज्यप्रति साह्रै गर्वित हुनेछन्।

बाबेल सबै भन्दा महिमा को शहर , अतिनै सुन्दरताले भरीएको , सोनाले भरीएको , सबै भन्दा शक्तिशाली शहर तर घमण्डले भरेको कारण परमेश्वरले ध्वंश पार्नु हुनेछ । ज्ञान को अभाब को कारण होइन भने घमण्ड को कारण नास हुन्छ । नम्रहरु को लागी

मत्ती ५:५ [5]धन्य विनम्र हुनेहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्।

अहिले संसारमा घमण्डिहरु कै शाषण चल्दैछ तर त्यो दिन नम्रहरुले पृथ्वीको अधिकार गर्नेछन् ।

उत्पत्ती ११:४ [4]तिनीहरूले भने, "आऊ, हामी आफ्नो निम्ति एउटा शहर बनाऔं अनि एउटा धरहरा बनाऔं जसको शिखर स्वर्ग पुग्छ। हामी प्रख्यात हुनु पर्छ र यसले हामीलाई संगठित राख्नेछ। नत्र हामी संसारभरि छरपष्ट हुनेछौं।"

तिनीहरुले आप्नो निम्ति एउटा बाबेल को धरहरा बनाए । मान्छे सबै थोक आप्नो निम्ति गर्ने गर्छन् । हामीले येशु संग सिक्नु पर्छ । येशु बिहान उठ्ना साथ बिहानै बिहानै उहाँ पिता संग प्रार्थना गर्नु हुन्थ्यो अर्थात पिताको इच्छा उ माथि त्यो दिनको लागी  सोध्नुहुन्थ्यो । उहाँ हर पल आप्नो इच्छामा होइन तर परमेश्वर पिता को इच्छामा जीउनुहुन्थ्यो । पिताले भन्नुहुन्छ छोरा आज यता जानु त्यहाँ सामरीयाको स्त्री छ त्यहाँ जानु येशु पिताले जाहाँ जाहाँ जानु भन्नुहुन्छ त्यहाँ त्यहाँ जानुहुन्थ्यो । हामी बिहानै उठेर आज के लगाउनु के खानु के गर्नु भनेर आफै साचेर गर्‍यो भने हामी बिनासको बाटो तर्फ अगाडि बढ्छौ ।त्यसरी चल्नु भनेको घमण्डमा चल्नु हो । येशु हर दिन नम्रतामा नै चल्नुभएको । २ वटा बाटो छ बाबेल आप्नै नाम आप्नै निम्ति  सैतानले बाबेल आप्नै नाम को लागी आप्नै निम्ति मान्छे द्वारा बनाएको हो ।

दानीयल ४:29 बाह्र महिना पछि राजा आफ्नो महलको कौसीमा घुमिरहेका थिए।
30 जब राजाले भने, “बाबेललाई हेर, यो महान शहरको निर्माण मैले आफ्नो शक्तिले गरेको हो। शहरको राजधानी मेरो राज्यले मेरो महोत्तमको गौरव प्रदान
गरेकोछ।”

राजाले भने मेरो माहान बाबेल , मेरो शक्तिले बनाएको , मेरो राज्य , मेरो गौरब , मेरो मेरो भने

31 राजाको मुखबाट यो कुरा निस्की नसक्दै स्वर्गबाट यसो भन्ने आवाज आयो, “यो घटनाहरू तपाईंमाथि घट्नेछ, राजा नबूकदनेस्सर तपाईंको राज्य तपाईंबाट
खोसिनेछ।

राजाले मेरो मेरो भन्दा नभन्दै परमेश्वरले भन्नुभयो तिम्रो राज्य तिमी बाट खोसिनेछ। यदि हामीले पनि मेरो घर , मेरो मण्डलि , मेरो राज्य भन्छौ भने त्यहि समय प्रभु भन्नुहुनेछ यो सबै तिमी बाट अहिलेनै सबै खोसिनेछ। घमण्डि मान्छे परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दैन। बालकहरु जस्तो भएर प्रवेश गर्नसक्छ। मेरै मेरै गरेर परमेश्वरको राज्यमा उत्तराधिकारी हुन सक्दैन।

32 तपाईंलाई मानिसहरूबाट निस्कासित गरिनेछ। तपाईं जङ्गली पशुहरूसँग बस्नु पर्नेछ अनि गाईले झैं घाँस खानुहुनेछ। सात वर्ष सम्म यो चलिरहनेछ जब
सम्म तपाईंले यो बुझ्नुहुँदैन कि सर्वोच्च परमेश्वरले मानिसहरूमाथि शासन गर्नुहुन्छ। अनि उहाँले जसलाई चाहनुहुन्छ उसलाई राज्य दिनुहुन्छ।”

जो जो घमण्डमा जीवन बिताउछन् उनीहरुको स्वभाब जानवर को जस्तै हुन्छ।

33 फेरि तुरून्तै यो घटना घट्यो, नबूकदनेस्सर मानिसहरूबाट निकालिए, उनले गाईले जस्तो घाँस खान थाले र उनको शरीर आकाशको शीतले भिज्यो, उनको
कपाल लामो, गीद्धको प्वाख जस्तो भयो अनि उनको नङ्गहरू चीलका नङ्गा जस्तै लामा लामा भए।
34 तब त्यो अन्तको समयमा म नबूकदनेस्सरले आँखा उठाएर स्वर्गतिर हेरें, अनि मैले सही तरिकाले सोच्न थालेको थिए मैले सम्मान र महिमा दिएँ जो सदा-
सर्वदा जीवित हुनुहुन्छ।परमेश्वरले सदा सर्वदा शासन गर्नुहुन्छ। उहाँको राज्य पुस्तैं पुस्ता सम्म चलिरहन्छ।
३५ यो पृथ्वीका मानिसहरू साँच्चै ठूला छैनन् परमेश्वरले मानिसहरूसँग जे चाहनुहुन्छ त्यति गर्नुहुन्छ स्वर्गको शक्ति भन्दा ठूला कोही पनि छैन उहाँले भन्नुहुन्छ,
स्वर्गको शक्तिलाई कसैले पनि रोक्न सक्तैन उहाँको सशक्त हातले जे गर्छ यसमाथि कुनै प्रश्न नै उठ्दैन्।
३६ त्यस समयमा परमेश्वरले मेरो बुद्धि मलाई फेरि दिनु भयो। अनि एउटा राजाको रूपमा मेरो मान, सम्मान अनि शक्ति फेरि फर्काई दिनुभयो। मेरो सल्लाहकार
अनि राजकीय मानिसहरू फेरि मकहाँ आए। म फेरि पहिलाको भन्दा पनि महान अनि शक्तिशाली राजा भएँ।
३७ त्यस पछि म नबूकदनेस्सर स्वर्गको राजाको स्तुति गर्छु तथा उहाँलाई सम्मान अनि महिमा प्रदान गर्छु। उहाँले जे भन्नुहुन्छ ठीक भन्नुहुन्छ, उहाँ सँधै
न्यायपूर्ण हुनुहुन्छ, उहाँमा अहँकारीहरूलाई विनम्र प्रदान गर्ने क्षमता छ।

नबुकदनेस्सर नम्र भए पछि परमेश्वर को ज्ञान उ माथि आयो। नबुकदनेस्सर को जीवनमा धेरै बाधाहरु र परिसानीहरु द्वारा उ बदले पछि परमेश्वरले उसलाइ नम्र बनाउनु भयो। धेरै जना आफै र पहिलानै नम्र हुदैनन्। नबुकदनेस्सर जस्तै जब उनीहरु को जीवनमा धेरै बाधाहरु दुखहरु र परिसानीहरु द्वारा नम्र बन्छन्। जब नबुकदनेस्सर नम्र भए पछि उसको शाषण पनि फेरी उस काहाँ फर्केर आयो। अब नबुकदनेस्सरले आफ्नो जीवनमा यि सबै भए पछि उनले परमेश्वरको बारेमा धेरै कुरा सिके अनि ३७ पदमा हामीलाइ शिक्षा दिदैछन् र भन्दैछन् घमण्डिहरुलाइ अर्थात अहँकारीहरुलाइ परमेश्वरले नम्र बनाउन सक्ने क्षमता परमेश्वरमा छ। त्यसैले घमण्डि नहोउ भनेर अर्ति दिदैछन्। संसारको सबै भन्दा महिमित राजा अलेक्जेन्डर होइन नबुकदनेस्सर थियो। उसलाइ परमेश्वरले नम्र बनाउनुभयो। उसले भन्यो मैले सिके त्यसै गरी हामीले पनि नम्र बन्न सिक्नु पर्छ। नबुकदनेस्सरको एउटा छोरा थियो बेलसजर उसले एक दिन ठुलो पार्टि दियो र सबै राजाहरु र उनीहरुको श्रीमतीहरुलाइ बोलायो र यरुसलेम को मन्दिर देखी आएको पबित्र भाडाहरुमा उसले दाखरस हालेर दियो। त्यस समयमा भित्तामा एउटा औलि आएर लेख्यो र त्यो लेख्दा खेरी उ डरायो। त्यसको अर्थ त्यहाँ भएको कसैले पनि भन्न सकेनन्। र एक जनाले भन्यो पबित्र आत्मा बास गर्ने एक जना बुढो मान्छे छ उसको नाम दानिएल हो उसले यसको अर्थ खोल्न सक्छ। यो २ राजाहरु द्वारा घमण्डिहरु को लागी परमेश्वरले एउटा ठुलो शिक्षा दिनुभएको छ।

दानीयल ५:१८ 18 सर्वोच्च परमेश्वरले तपाईंको बाजे राजा नबूकदनेस्सरलाई एउटा राज्यको महान शक्तिशाली राजा बनाउनु भयो।
19 अनि उहाँले दिनु भएको अधिकारले विभिन्न भाषा बोल्ने जाति जातिका मानिसहरू तिनको अघि डरले थरथर काम्थे। आफ्नो इच्छा अनुसार तिनले कसैको
प्राण लिन्थे वा जीउँदो राख्थे, पदोन्नति गरिदिन्थे वा पदाच्यूत गरिदिन्थे।
20 “तर जब नबूकदनेस्सर अट्टेरी, ढिट र अभिमानी भए तब तिनी आफ्नो सिंहासनबाट खसालिए र तिनको गौरव तिनीबाट खोसियो।
21 तब नबूकदनेस्सर समाजबाट निकालिए। उनको मन पशुको जस्तै बनाईयो तिनको बसाई जङ्गली गधाहरूसित हुन थाल्यो। अनि गाईले जस्तै घाँस खान
थाले। उनको शरीर आकाशको शीतले भिज्यो। उनीमाथि यस्तो हुँदै गयो, फेरि उनलाई ज्ञान भयो कि मानिसको राज्य माथि सर्वोच्च परमेश्वरले शासन गर्नुहुन्छ
अनि साम्राज्यहरूमाथि शासन गर्नको निम्ति उहाँले जसलाई चाहानुहून्छ त्यसैलाई पठाउँनुहून्छ।
22 “अनि तिमी बेलसजर उहाँकै नाति हुनुहुन्छ, तपाईंले यो सबै कुरा जान्दा जान्दै पनि अझै आफ्नो हृदयलाई नम्र बनाउनु भएको छैन

छोरा को न्याय अलग्गै हो बाबालाइ थाहाँ थिएन ,तर छोरालाइ सबै कुरा थाहाँ थियो। नबुकदनेस्सर ७ शाल जानवरको जस्तो हुदा बेलसजर बाबाको शिहासनमा बस्यो होला। बाबा को अबस्था देखेर पनि थाहाँ पाएर पनि बेलसजरले आफ्नो हृदय नम्र गरेन।

23 होइन, तपाईं नम्र हुनु भएन यसको सट्टामा तपाईं स्वर्गका परमेश्वरको विरूद्धमा खडा हुनुभयो। तपाईंले परमप्रभुको मन्दिरका भाँडा-कुँडाहरू तपाईंकहाँ
ल्याउने आज्ञा दिनुभयो, अनि तपाईं र राज भवनका अधिकारीहरू, तपाईंका पत्नीहरू र दासहरूले त्यो भाँडाहरूमा दाखरस पिउनु भयो। तपाईंले दाखरस पिउँदै
सुन, चाँदी, काँस, फलाम, काठ अनि ढुङ्गाका देवताहरूको महिमा गर्न थाल्नु भयो। तिनीहरू साँचो देवता होइनन्। तिनीहरूले देख्न सक्तैनन् सुन्न सक्तैनन् तथा
केही पनि सोच्न सक्तैनन्। तर तपाईंले परमेश्वरको सम्मान गर्नुभएन जसको शक्तिमा तपाईंको जीवन अनि प्रत्येक कुरा त्यसमाथि निर्भर छ।
24 यसैले, परमेश्वरले त्यो हात पठाउनु भयो, जसले भित्तामा लेखौट लेख्यो।
25 लेखौट यही हो“मने, मने तकेल, पर्सीन।“
26 “अनि त्यो लेखौटको व्याख्या यही हो “अर्थात तिम्रो राज्यको अन्त हुन्छ, परमेश्वरले त्यति बेला सम्मको दिन गनी सक्नु भएको छ।
27 तकेल-तिमीलाई तराजुमा जोखियो अनि तिमीलाई घट्दै गएको पाइयो।

घमण्डको कारण बेलसजरको राज्य परमेश्वरले गन्ति गर्नुभयो र तौल लिनुहुदा घटि पाइयो । मतलब परमेश्वरले उ माथि न्याय गर्नुभयो ।

[30]त्यसै रात कल्दीहरूको राजा बेलसजर मारिए।

बाबा नबुकदनेस्सर जस्तो बेलसजरले मौका र समय पाएनन् , त्यहि रात उनी मारिए । कारण बाबा संग भएको कुरा थाहाँ पाएर पनि बेलसजर नम्र भएनन् जसले गर्दा परमेश्वरले उ माथि न्याय गर्नुभयो । हामी बिश्वासीहरु ठ्याक्कै दुर्घटनामा मर्नु हुदैन । यदि हामी परमेश्वरमा नम्र साथ हाम्रो जीवन जीउछौ भने हाम्रो मृत्यु अचानक हुदैन । कति चोटि हाम्रो घमण्डको कारण हामी अचानक मर्छौ । यो हाम्रो शरीर र प्राण परमेश्वरको मन्दिर हो । त्यसैले हामीले पनि यो शरीर , प्राण , आत्माको दुरुपयोग गर्यौ भने हामी पनि एक दिन ठ्याक्कै मर्छौ । परमेश्वर घमण्डिहरुलाइ बिरोध गर्नुहुन्छ । कारण परमेश्वर नम्र हुनुहुन्छ । सैतान हामीलाइ नास गर्न र मार्न सक्दैन र मृत्यु र जीवन परमेश्वर को हातमा मात्र छ । सैतानको हातमा छैन । तर सैतानलाइ परमेश्वरको मार्गहरु राम्रो संग थाहाँ छ । त्यसैले हामीलाइ परमेश्वरले नै मारोस् ,नास पारोस् भनेर सैतानले परमेश्वरको ज्ञान को अभाब को बाटोमा लिएर जान्छ । होइनभने हामीलाइ सैतानले घमण्ड , घमण्ड को बाटोमा लिएर जान्छ । बालामले बालाकलाइ सल्लाह दिए हामी यिनीहरुलाइ केहि पनि गर्न सक्दैनौ ,तर यदि हामीले यिनीहरुलाइ यिनीहरु को परमेश्वरको बिरुद्धमा पाप गर्न लगायौ भने यिनीहरुको परमेश्वरले नै यिनीहरुलाइ नास गर्नुहुन्छ । घमण्डको आत्मा मेरै मेरै भन्ने आत्मा मण्डलि को भित्र पनि हुन सक्छ , अगमबक्तामा पनि हुन सक्छ ।

योना १:३ [3]योनाले परमेश्वर को कुरा मानेनन्। यसैकारण योना परमप्रभुबाट टाढा कतै भाग्ने प्रयास गरे। त्यसैले उनी यापो तिर गए। योना एउटा जहाजमा चढे जुन र्तशिशतिर जाँदै थियो। योनाले आफ्नो यत्राको निम्ति पैसा दियो अनि जहाजभित्र गएर बस्यो। योनाको इच्छा थियो कि उनी त्यो जहाजमा अरु मानिसहरुसितै र्तशिश जाने अनि परमप्रभुबाट कतै टाढा भाग्ने।

योना अगमबक्ता भएर पनि परमेश्वर बाट भागेर तल तल जोपामा गए । परमेश्वर बाट भागेर जाहाज भित्र पसे र जाहाजको भित्र को पनि तल्लो भागमा गएर बसे ।

[5]मानिसहरु चाहन्थे कि त्यो जहाज बचाउनको निम्ति त्यसलाई हलुका बनाउँ, त्यसैले जहाजको सबै सामानहरु उठाएर समुद्रमा फ्याँकन थाले। मल्लाहरु धेरै डराएका थिए, प्रत्येक मानिसहरुले आ-आफ्नो देवताहरुलाई प्रार्थना गर्न थाले।योना जहाजको भित्रि भागमा गएर सुतिरहेका थिए।

परमेश्वरले घमण्डिहरुको बिरोध गर्नुहुन्छ त्यसकारणले योनाको कारण परमेश्वरले तुफान पठाइदिनुभयो । त्यहाँ एक मान्छेको घमण्डले गर्दा बाकि सबै मान्छेको नोक्सान हुन्छ । उनीहरुले सामानहरु टार्सिसमा लिएर गएर बेच्नको लागी लगेको सामान सबै समुन्द्रमा फ्याकिदिन्छन् । एउटा मान्छे घमण्ड को कारण त्यहाँ धेरै जना को नोक्सान हुन्छ । योना परमेश्वरको उपस्थीति देखी भागेर जाहाजको तल्लो भागमा सुतिरहेका थिए ।

[15]तब तिनीहरुले योनालाई उचालेर समुद्रमा फालिदिए र समुद्र शान्त भयो।
[16]तब ती मानिसहरुले परमप्रभुको अत्यन्तै डर मान्न थाले र परमप्रभुको निम्ति भाकल गरे अनि बलिदान चढाए।
[17]अनि योनालाई निल्न परमप्रभुले एउटा ठुलो माछालाई खटाउनु भयो, र तिन दिन र तिन रात योना त्यस माछाको पेटभित्र रहे।

त्यसपछि मान्छेहरुले योनालाइ समुन्द्रमा फ्याकिदिए त्यसपछि उनी अझै तल गए र फेरी परमेश्वरले उसलाइ माछाको पेट भित्र हालिदिनुभयो त्यसपछि झन् योना तल गयो । योनालाइ परमेश्वरको इच्छा अनुसार परमेश्वरले निनबेमा जा भन्दा योनाले परमेश्वरको इच्छा होइन आफ्नै इच्छा अनुसार गर्नको लागी परमेश्वर बाट भागेर टार्सिस तिर लागे । घमण्डले परमेश्वरको इच्छा होइन तर आफ्नै इच्छा खोज्दछ । योना घमण्डले क्रोधित थियो । जब माछा को पेट भित्र गएको कारण उनी नम्र भए र नम्र भएको कारण परमेश्वरले उसलाइ बाहिर निकाल्नु भयो । कैन पनि रिसाए किनकी घमण्डिहरुलाइ रिस उठ्छ । घमण्डको कारण कैन पनि परमेश्वरको उपस्थीति देखी टाडा गयो । नम्रहरु परमेश्वरको पास पास जान्छन् । घमण्डिहरुले उन्नति पाए भने परमेश्वर संग दुर जान्छन् नम्रहरुले उन्नति पाए भने झन् परमेश्वरको पास जान्छन् । घमण्डिहरु मण्डली जादैनन् होइन उनीहरु मण्डली जान्छन् । परमेश्वरको आराधना गर्नको लागी यिनीहरु जादैनन् । यिनीहरु आफ्नै आराधना गर्नको लागी जान्छन् । धेरै मण्डलीमा मान्छेहरु भन्छन् आज मलाइ आराधना मन परेन किनकी मलाइ गाना मन परेन भन्छन् त्यो गाना उसको लागी होइन त्यो गाना परमेश्वर को लागी हो ।

२ इतिहास २६:५ [5]उज्जियाहले परमेश्वरको अनुसरण जकर्याहको जीवनकालमा गरे। जकर्याहले उज्जियाहलाई परमेश्वरको कसरी सम्मान गर्नु अनि आज्ञा पालन गर्नु सो सिकाए। जब उज्जियाहले परमप्रभुको आज्ञा पालन गरिरहेका थिए परमेश्वरले तिनलाई सफलता प्रदान गर्नु भयो।
[16]तर जब उज्जियाह शक्तिशाली भए तिनको घमण्डको कारणले तिनलाई नष्ट पार्थ्यो। तिनी परमप्रभु तिनका परमेश्वर प्रति विश्वसनीय थिएनन्। तिनी परमप्रभुको मन्दिर भित्र धूप बाल्ने वेदीमा धूप बाल्न गए।

परमेश्वरको कृपाको कारण उज्जियाहलाइ सफलता दिनुभयो जसले गर्दा उनी शक्तिशाली भए ।तर उनको जीवनमा घमण्ड आयो र परमेश्वर को उपस्थीति बाट टाडा भएका थिए । उज्जियाह घमण्डि हुदा हुदै पनि मन्दिर भित्र गए । यसकारण घमण्डिहरु पनि मण्डलि जान्छन् । र उनीहरुको अधिकार दुरुपयोग गर्छन् । हर ब्यक्ति त्यो जुन सुकै पदमा किन नहोस् सबैको एउटा सिमा हुन्छ । हामी त्यो सिमा पार गर्नु हुदैन त्यो सिमाको भित्रै बस्नु पर्छ । उसले मन्दिर भित्र गएर आफ्नो अधिकार को दुरुपयोग गर्‍यो ।

[17]पूजाहारी अजर्याह अनि अस्सी जना साहसी पूजाहारीहरू, जो परमप्रभुको सेवा गर्थे, उज्जियाहलाई पछ्याउँदै मन्दिर भित्र गए।
[18]तिनीहरूले उज्जियाहलाई भने तपाईंले गल्ती गर्नु हुँदैछ। तिनीहरूले तिनलाई भने, "उज्जियाह, परमप्रभुको निम्ति धूप बाल्ने यो तपाईंको काम होइन। यसो गर्नु तपाईंको निम्ति असल छैन। पूजाहारीहरू अनि हारूनका सन्तानहरूले मात्र परमप्रभुको निम्ति धूप बाल्ने गर्छन्। यी पूजाहारीहरूलाई पवित्र सेवाका निम्ति धूप बाल्न प्रशिक्षित तुल्याइएका छन्। तपाईं यो महा पवित्र स्थानबाट बाहिर जानु होस्। तपाईं विश्वसनीय हुनु भएको छैन। परमप्रभु परमेश्वरले यसका निम्ति तपाईंको सम्मान गर्नु हुने छैन।"
[19]तर उज्जियाह क्रोधित भए। तिनको हातमा धूप दानी थियो। जब उज्जियाह पूजाहारीहरूसित खूबै रिसाएका थिए त्यस बेला तिनको निधारमा कोर रोग निस्कियो। यो घटना परमप्रभुको मन्दिरको धूप बाल्ने वेदीको छेउमा पूजाहारीहरूको सामुन्ने घट्यो।

पुजाहारीले उज्जियाहलाइ मन्दिर भित्र पसेर धुप जलाउने काम तपाइको होइन यो काम परमेश्वरले हामीहरुलाइ दिनुभएको छ । यो परमेश्वरको आज्ञा बिपरीत हो भन्दा भन्दै पनि उज्जियाह मानेनन् र उल्टा उनी पुजाहारीहरु संग रिसाए । यसरी उज्जियाह को जीवनमा घमण्डले क्रोध लिएर आयो । जसले गर्दा त्यतिनै बेला उनको निधारमा कोर निस्क्यो । अबसोलम पनि बाहिर हेर्दा कति राम्रो थियो । तर उसको भित्र हृदय हेर्ने हो भने पुरा कोर निक्लेको थियो । आफ्नै बाबालाइ मार्न को लागी आफ्नै बाबा को श्रीमतिहरुलाइ व्यभिचार गर्नको तयार भयो । यो सबै उसको जीवनमा घमण्ड को कारणले भएको हो ।

[20] अजर्याह-मुख्य पूजाहारी अनि अन्य सबै पूजाहारीहरूले उज्जियाहलाई हेरे। तिनीहरूले तिनको निधारमा कोर रोग देख्न सक्थे। पूजाहारीहरूले उज्जियाहलाई मन्दिरबाट चाँडो बाहिर जान कर लगाए। उज्जियाह स्वयं हतारिएर बाहिर निस्के किनभने परमप्रभुले तिनलाई दण्ड दिनुभएको थियो।
[21] उज्जियाह राजा कोरी भएको थियो। तिनी भिन्नै घरमा बस्नु पर्थ्यो। तिनी परमप्रभुको मन्दिरमा प्रेवश गर्न सक्तैन थिए। उज्जियाहका छोरा योतामले राज दरबारलाई नियन्त्रणमा राखे अनि दरबारको निम्ति प्रशासक भए।

उज्जियाह को मृत्युको दिन सम्म उ कोरी भएरै मर्‍यो । कोरी रोग निको हुन सक्थ्यो  तर उसको भएन कारण उ घमण्डि भएको कारण परमेश्वरले उसको रोग ठिक गर्नुभएन । नामानले उसको कोर रोग बाट जब उनी नम्र भए तब चगाँइ पाए ।

यशैया ६:१ जा उज्जियाहको मृत्यु भएको बेला मैले मेरा मालिकलाई देखें। उहाँ एकदम उच्च अनि आर्श्चयचकित सिंहासनमा विराजमान हुनुहुन्थ्यो। उहाँको लामो वस्त्रले मन्दिर भरिएको थियो।

जब हाम्रो आत्मामा घमण्ड मर्छ तब हाम्रो आत्मिक आखाँ खोल्छ । नत्र भने घमण्डिहरुले परमेश्वरको सत्य देख्न सक्दैनन् । परमेश्वरको राज्यको रहस्यहरु उनीहरुले पाउन सक्दैनन् किनकी परमेश्वरले घमण्डिहरुको बिरोध गर्नुहुन्छ । जब राजाको घमण्ड अलग भयो श्वर्ग खोलेको देख्यो ।

यशैया १४:१२-१५ [12] तिमी बिहानको तारा जस्तो थियौ, तर तिमी आकाशबाट खस्यौ। पहिले सारा पृथ्वी नै तिमी समक्ष नतमस्तक हुन्थ्यो। तर अहिले तिमी काटिएर ढल्यौ।
[13] तिमीले सधैं आफैले आफूलाई भन्ने गर्दथ्यौ, "म सर्वोच्च परमेश्वर जस्तो उच्च हुनेछु। म आकाशमाथि जानेछु। म मेरो सिंहासन परमेश्वरको ताराहरूमाथि राख्नेछु। म पवित्र पर्वत जफोनको टापुमा बस्नेछु। म धेरै देवताहरूलाई त्यस पर्वतमाथि भेट्नेछु।
[14] म बादलहरूको बेदी सम्म जानेछु, म आफू सर्वोच्च परमेश्वर जस्तै हुनेछु।"
[15] तर त्यस्तो भएन, तिमी परमेश्वरसंग आकाशमाथि गएनौ, तिमीलाई गहिरो खाडल मनि ल्याइयौ पातालमा-मृत्युको ठाउँमा।

सैतानले आफुलाइ म म भनेर आफुलाइ उचाल्यो । हामीले पनि कुनै पनि जगामा आफुलाइ उचाल्ने होइन परमेश्वरलाइ उचाल्ने र उहाँको महिमा गर्नुपर्छ आफ्नो महिमा होइन । अन्त को दिन भनेको लाउडेसिया को दिन हो । यो लाउडेसिया को मण्डलिमा येशु मशिह भित्र हुनुहुन्न येशु मशिह मण्डलिको बाहिर हुनुहुन्छ । बाकि ६ मण्डलिमा येशु मशिह मण्डलिको भित्र हुनुहुन्छ । आजकलको मण्डली पनि त्यस्तै भैराखेको छ । कुनै पनि सेवाको ब्यानर बनाउछन् त्यो ब्यानरमा बाइबल को पद सानो र मान्छेको फोटो ठुलो ठुलो लगाएका हुन्छन् । आफ्नै महिमा । जब मोशालाइ परमेश्वरले पानीको लागी चट्टान संग बोल भन्दा मोशाले लौरोले हिर्कायो । पानी त आयो मान्छेहरुले पानी पनि पिए तर मोशाको घमण्डको कारण परमेश्वरले मोशालाइ प्रतिज्ञाको देश प्रवेस गर्न दिनुभएन । यो हाम्रो उद्धार को बारेमा बोलेको होइन उद्धार मुफ्त हो उद्धारको लागी हामीले केहि पनि गर्नु पर्दैन । जब हाम्रो जीवनमा उद्धार आउछ त्यस पछि हाम्रो जीवनमा नम्रतामानै परमेश्वरको इच्छामा नै र उहाँ को महिमाको लागी हामीले हाम्रो उद्धारको जीवन जीउनु पर्छ । नम्रहरुले आफुलाइ उचाल्दैन । परमेश्वरको हातमा दिन्छन् ।

१पत्रुस ५:६ [6] यसर्थ परमेश्वरको शक्तिशाली हातको छत्रछायामा विनम्र बन। तब उहाँले तिमीहरुलाई उच्च पार्नु हुनेछ जब सही समय आउँछ।

जब हामी नम्र हुनेछौ तब परमेश्वरले हामीलाइ उहाँको समयमा उच्च पार्नुहुनेछ । हामीले आफुलाइ परमेश्वरको समय अगाडि नै उचाल्नु हुदैन जसले गर्दा हामीलाइ नासमा लिएर आउछ । म त तयार छु प्रभु म त गितार बजाउन सक्छु । बचन बाढ्न सक्छु । म त सबै गर्न सक्छु  तर प्रभु भन्नुहुन्छ रुक तेरो हृदय तयार भएको छैन र नम्र भएको छैन । हामीलाइ उठ्न , चल्न , गाह्रो होइन सबै भन्दा गाह्रो बस्न हो । परमेश्वरले आफ्नै छोरालाइ पनि ३० शाल बसाउनु भयो । मण्डलिमा सबै भन्दा समस्या बस्नको लागी हो ।

[7] जब उहाँले तिमीहरुको हेरचाह गर्नुहुन्छ तिमीहरुको चिन्ता सब उनको अघाडी सुम्पिदेऊ।

परमेश्वरले  फिर्की परमेश्वरलाइ देउ भनेको होइन परमेश्वरले हाम्रो सारा फिर्की परमेश्वरलाइ देउ भन्नुभएको हो । केहि केहि फिर्की दिनु होइन सबै फिर्की दिनुपर्छ यो नम्रले मात्र गर्न सक्छ । येशुले सारा फिर्की बाबाको हातमा छोडेको कारण येशुले जब उहाँको बिरोधमा जे गरे पनि उहाँले केहि गर्नु भएन तर जब येशुको दुलही मण्डलीलाइ केहि गर्‍यो भने उहाँ बोल्नुहुन्छ । पावललाइ भन्नुभयो शावल शावल तिमीले मेरो मण्डलीलाइ किन सताउछौ ? येशु को बिरुद्धमा गरेको केहि कुरामा पनि येशुले केहि गर्नुभएन सबै फिर्की परमेश्वर माथि राख्नुभयो । येशु नम्र भएको कारणले यो गर्न सक्नुभयो । मान्छेले फिर्की गर्ने कारण आफ्नै तागतमा घमण्डले गर्दा हो । नत्र भने त पावल को जस्तै जेलमा भएर पनि आन्न्द भैहाल्छ नी फिर्की गर्नु नै घमण्डको चिन्ह हो ।

[8] स्वयंलाई नियन्त्रण गर अनि सावधान बस। शैतान तिमीहरुको शत्रु हो। त्यो सिंहले शिकार खोजे जस्तै कसैलाई खान चारैतिर घुमी हिडछ।

सैतानले हाम्रो जीवनमा घमण्ड ल्याइदिन्छ र फिर्की चिन्ता रिस यो सबै कुरा हाम्रो जीवनमा ल्याइदिन्छ । एउटा समस्या आउदा समस्या हेर्नु हुदैन तर त्यो समस्या आउदा मेरो प्रतिर्किया कस्तो हुन्छ ? त्यस समस्यालाइ मैले कसरी लिन्छु ? त्यो हो मुख्य कुरा । यदि हामी घमण्डि हौ भने हामीले त्यो समस्यामा चिन्ता , फिर्की लिएर दुखित हुन्छौ यदि हामी नम्र हौ भने जस्तो सुकै समस्यामा पनि हामी त्यो समस्यालाइ प्रार्थनामा राखेर सबै समस्या परमेश्वरलाइ दिएर आफु आनन्दित हुन्छौ ।

[9]शैतानको अनुशरण गर्न अस्वीकार गर। आफ्नो विश्वासमा दृढतापूर्वक बस। तिमीहरु जान्दछौ कि संसारभरि तिमीहरुका भाइ बहिनीहरु त्यस्तै यातना भोगिरहेछन् जस्तो यातनामा तिमीहरु थियौ।

हामीलाइ सैतानको बिरोध गर्नु भनेर भनेको छ । नम्रहरुले मात्र सैतान को बिरोध गर्न सक्छ । घमण्डिहरुले सैतानको बिरोध गर्दैन । यदि बिरोध गर्‍यो भने सैतानले भन्छ हामी त मित्र हौ मेरो किन बिरोध गरेको ? येशुले बिरोध गर्न सक्नुभयो कारण उहाँ नम्र हुनुहुन्थ्यो ।

याकुब ४:१० [10]परमप्रभुको सामुन्ने विनम्र बन अनि उहाँले तिमीहरूलाई उच्च पार्नु हुनेछ।

परमेश्वरको समय छ तर परमेश्वरको समय कहिले हो हामीलाइ थाहाँ हुदैन । त्यसकारणले हाम्रो समय को अगाडि कसैलाइ पनि हामीलाइ उचाल्न दिनुहुदैन । १७ शाल भएको युसुफलाइ २ वटा दर्शन परमेश्वरले दिनुभयो तर युसुफ तयार भएको छैन । कारण उसको प्राण आत्मा नम्रतामा तयार भएको थिएन । युसुफले बाबाले दिएको कोट छोड्दै छोड्दैन र त्यहि बाबाले दिएको कोट लगाएर नै सेकेममा दाजुहरुलाइ खोज्न जान्छन् । उनको त्यो कोर्ट अरुको कोर्ट भन्दा राम्रो थियो ।जब उसको दाजुहरुले उसलाइ हेर्छन् त्यहाँ उनीहरुले युसुफलाइ होइन कोट मात्र देख्छन् । त्यसकारण उनीहरु झन् रिसले आगो हुन्छन् । यदि हामीमा अलिकति मात्र घमण्ड छ भने यो संसारको मान्छेले हाम्रो घमण्ड मण्डलीको मान्छेले भन्दा पनि पहिला संसारको मान्छेले देख्छन् र भन्छन् तिमी त मेरो मित्र हौ । उनीहरुले पनि हाम्रो त्यो कोर्ट नै पहिला देख्छन् । जब उनलाइ पोतिफर को घरमा बेच्छन् समय बित्दै जान्छ उनी नम्र नम्र हुदै जान्छन् । फेरी पेतीफर को घरमा एउटा कोट फेरी युसुफले पाउछन् । पोतिफरको घरमा उनी सबै नोकर हरु को हाकिम पोतिफरले सबै जिम्मेवारी उसको हातमा दिन्छन् । त्यस पछि फेरी त्यो कोट पनि उसको हात बाट छिनिन्छ र फेरी उनी जेलमा जानु पर्छ । परमेश्वर भन्नुहुन्छ अझै पनि तिमी तयार भएको छैनौ । अझै तिमी नम्र भएका छैनौ । जेलमा पनि फेरी एउटा नयाँ कोट पायो । युसुफलाइ माथिल्लो स्थानमा पुर्‍याउनको लागी परमेश्वरले उसलाइ धेरै शाल पर्खाउनु भयो । जब युसुफ परमेश्वरले चाहे जस्तै नम्रतामा पुगे तब राजाले उसलाइ एउटा नाम र शिहासन दिए । त्यसैगरी हामी पनि नम्रतामा नै हाम्रो जीवनको अन्त सम्म हामी चल्यौ भने हामीलाइ पनि परमेश्वरले श्वर्गमा दिनुहुन्छ एउटा नाम र शिहासन । घमण्डिले सोच्छ मलाइ कसैको पनि साहारा चाहिदैन नम्रहरुले सोच्छ मलाइ धेरै जनाको साहारा चाहिन्छ । घमण्डिहरुको प्रार्थना र नम्रहरुको प्रार्थना अलग्गै हुन्छ ।

भजनसग्रह ३४:६ [6]यस दुःखी मानिसहले उहाँको पाउनलाई परमप्रभुलाई बोलायो। अनि परमप्रभुले मेरो कुरा सुन्नुभयो। उहाँले मलाई सबै संकटहरूबाट बचाउनुभयो।

यस पदमा दुखी मानिसले बोलायो भनेर भनेको छ । यो मान्छे रोयो भनेको भय घमण्डि मान्छे पनि हुन सक्छ नम्र पनि हुन सक्छ तर यहाँ यस दुखी मान्छे भन्नुको अर्थ हो नम्र मान्छे । उ नम्र भएको कारणले मात्र परमेश्वरले उसको पुकारा सुन्नुभयो र सबै उसका कष्टहरु बाट उसलाइ छुटकारा दिनुभयो । हामीलाइ पनि हिजकिया जस्तो बनाउनुनुहोस् बेलसजर जस्तो होइन कारण हिजकियाले समय पायो पस्चाताप गर्ने तर बेलसजरले समय पाएनन् र ठ्याक्कै मरे ।

हिब्रु ५:७ [7]जब ख्रीष्ट संसारमा हुनुहुन्थ्यो उहाँले परमेश्वरलाई प्रार्थना गर्नुभयो र सहायता माग्नुभयो। त्यहाँ एकैजना मात्र हुनुहुन्थ्यों जसले उहाँलाई मृत्युबाट बचाउनु सकनुहुन्थ्यो र येशूले आँसु र आर्तनाद सहित प्रार्थना गर्नुभयो। येशू नम्र र आज्ञाकारी हुनुहुन्थ्यो, त्यसैले परमेश्वरले उहाँको प्रार्थनाको उत्तर दिनुभयो।

येशु दिन नम्र भएको कारणले एक्लै आँसु बहाएर हृदय देखी प्रार्थना गर्नु भयो । जसले गर्दा परमेश्वर पिता उहाँ को प्रार्थना मात्र सुन्नुभएन उहाँलाइ उचालेर आफ्नो दाहिने बाहुलीमा राख्नुभयो । घमण्डले गनगन गर्छन् र नम्रहरु धन्यबादि हुन्छन् । र धन्यबाद को भेटि उठाउछन् । नम्रहरु धैय गर्न सक्छन् । घमण्डिहरुमा धैर्य हुदैन । हामी नम्र हुनुपर्छ नम्रहरुलाइ परमेश्वरले अनुग्रह दिनुहुन्छ । परमेश्वरको इच्छा अनुसार जीउनको लागी हामीलाइ सामर्थ चाहिन्छ । त्यो सामर्थ हो अनुग्रह । जो पनि अनुग्रह को मुनि छ उनीहरुले पापको माथि शाषण गर्छ । पाप भनेको आफ्नै इच्छामा चल्नु हो । धार्मीकता भनेको आफ्नो लागी नजीएर परमेश्वरको इच्छा अनुसार जीउनु हो ।बचनले भन्दछ तिम्रो सारा मनले , समझले , आत्माले परमेश्वरलाइ र आफ्नो छिमेकीलाइ प्रेम गर्नु । यो काम नम्रहरुले मात्र गर्न सक्छ । घमण्डिहरुले मात्र आफुलाइ र आफ्नो इच्छालाइ प्रेम गर्छ । त्यसकारणले यदि हामी आफुलाइ मात्र प्रेम गर्छौ भने हामी सैतान जस्तै हौ । सैतानले संसारको मान्छेहरुलाइ आफ्नै लागी चलाउछ । तर हाम्रो येशु अलग हुनुहुन्छ उहाँले अरुहरुको लागी आफ्नो जीवन दिनुभयो । नासको बाटो फराकिलो छ । र जीवनको बाटो साँगुरो र कठिन हुन्छ । जीवनको बाटोमा जानु छ भने हामीले आफ्नै इच्छालाइ मार्नु पर्छ र येशुलाइ हाम्रो जीवनमा जीउन दिनु पर्छ । येशुले भन्नुभयो यदि कोहि मेरो चेला हुन चाहन्छ भने मेरो कुश उठाउ अनि मात्र मेरो पछि लाग कुश उठाउनु को मतलब हुन्छ आफुलाइ त्याग्नु आफ्नो हर इच्छालाइ मार्नु हो । संसारका मन्छेहरुले आफ्नै उन्नत्तिको निम्ति कुश उठाए र उन्नत्ति पाए तर परमेश्वर भन्नुहुन्छ सबै भन्दा पहिला आफ्नो इच्छालाइ त्याग र त्यसपछि येशु को पछि लाग । आमेन

*प्रार्थना*

*प्रभु धन्यबाद, धन्यबाद, धन्यबाद प्रभु हाम्रो जीवनमा आएका सबै बाधाहरु , परिसानीहरु हामीलाइ नम्र बनाउनको लागी आउछन् प्रभु । हजुरको सेबक पावललाइ उसको जीवनमा घमण्ड नआओस् भनेर एउटा बाधा हजुरले दिनुभयो । हाम्रो जीवनमा भएको सबै बाधाहरु हाम्रो लागी नराम्रो हुदैन । कुनै कुनै बाधाहरु हाम्रो जीवनमा जीवन भर रहिरहन्छ । यस बाट हामीलाइ प्रभु हजुरले हामीलाइ हाम्रो घमण्ड देखी बचाउनलाइ यसो गर्नुभएको हो । हामीलाइ नम्र बनाउनुहोस् प्रभु घमण्डि होइन किनकी जब हजुरको न्याय को दिन आउछ त्यो दिन घमण्डिहरुको लागी अतिनै कठोर दिन हुनेछ । त्यो कठोर दिन हामीले भोग्न नपरोस् । हामीलाइ अनुग्रह दिनुहोस् ताकी हामी नम्रतामा हर दिन चल्न सकौ । प्रभु धन्यबाद , धन्यबाद धन्यबाद यो सबै बिन्ति प्रार्थना येशु प्रभुको नाममा आमेन ।*